म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २३१ बुधबार, २० चैत २०८१ ने. सं. ११४५ चौल्लाथ्व 2 April 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरगढीमा चितुवा आतङ्क

हेटौंडा, १९ चैत/मकवानपुरगढी गाउँपालिका-३ र ४ नम्बर वडामा चितुवाले आतङ्क फैलाएको छ । सोमबार राति ९ बजेको समयमा मकवानपुरगढी-४, कालिखोलामा रहेको पाख्रिन एकीकृत गाई फार्ममा एउटा गाई मारेको छ भने एउटा घाइते भएको छ । चितुवाले १८ महिनाको बाच्छी मारेको छ भने ३ वर्षको गाईलाई घाइते बनाएको छ । स्थानीयले बाघ भएको अनुमान गरे पनि डिभिजन वन कार्यालय मकवानपुरका राकेश चन्द्रवंशीले भने चितुवा भएको जानकारी दिएका छन् । डिभिजन वन कार्यालयले जडान गरेको क्यामरामा आइतबार रातको १२ बजेर २१ मिनेटमा मकवानपुरगढी-३ मा चितुवा भिडियो कैद गरिएको उनले बताए । यो क्षेत्रमा अहिलेसम्म चितुवाको मुभमेन्ट रहेको, चितुवाले अहिलेसम्म बाख्रा, कुकुर र गाईलाई क्षति पुऱ्याएको छ भने मानवीय क्षति नभएको डिभिजन वन कार्यालयले जनाएको छ । डिभिजन वन कार्यालयले मंगलबार चितुवा समात्न पासो थाप्न लागेको जनाएको छ । डिभिजन वन कार्यालयले बिहान र बेलुकाको समयमा एक्लै नहिँड्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

# सूचना टाँसेर बागमती प्रदेशसभा बैठक स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/सत्तापक्ष र प्रतिपक्ष दलहरुबीच बजेटमाथिको विवाद कायमै रहेपछि मंगलबार दिउँसो १ बजेको लागि बोलाइएको बागमती प्रदेशसभाको बैठक साँझ ७ बजेतिर सूचना टाँसेर स्थगित भएको छ ।

प्रदेशसभा बैठक सूचना टाँस गरेर बुधबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरिएको हो । मंगलबार दिउँसो १ बजेका लागि आह्वान भएको प्रदेशसभा बैठक दलहरुबीच सहमति हुन नसक्दा दिउँसो ४ बजेसम्मका लागि सारिएको थियो ।

४ बजे आह्वान गरेको बैठक पनि बस्ने अवस्था नरहेपछि सूचना टाँस गरेर बुधबार १ बजेका लागि बैठक स्थगित गरिएको हो । मंगलबार बसेको प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ दलको बैठकपछिको कार्यव्यवस्था परामर्श समितिको बैठकले बुधबार १ बजेसम्मका लागि बैठक सार्ने निर्णय गरेको हो ।



सरकारले विगतमा गरेका सहमतिलाई कार्यान्वयनमा ल्याउनु पर्ने अडान राख्दै प्रतिपक्ष दलहरुले बैठक अवरुद्ध गर्ने चेतावनी यसअघि दिँदै आएका थिए । मंगलबार बिनाअवरोध बैठक सञ्चालनका लागि सभामुख भुवनकुमार पाठकले विहान ८ बजे सर्वदलीय बैठक आव्हान गरेका थिए । दलहरुबीचको लामो छलफल पश्चात् बेलुकी ७ बजेसम्म पनि सहमति जुट्न नसक्दा बैठक स्थगित भएको हो । बैठक बुधबार १ बजेसम्मका लागि स्थगित भएको सभामुख पाठकले जानकारी दिए ।

सरकार र प्रतिपक्षबीच विगतमा भएका सहमति कार्यान्वयनका लागि प्रतिपक्षले जोड दिँदैआएको छ । केही समयअघि बागमतीका सहकारी मन्त्री मदुकुमार श्रेष्ठका स्वकीयको आत्महत्याको विषय छानबीनका लागि संसदीय छानबीन समिति गठन गरिनुपर्ने माग प्रतिपक्ष दल माओवादी केन्द्रको रहेको छ । प्रदेशसभा सभामुख पाठकका अनुसार दलहरुबीच विगतको बजेटमाथिको सहमतिका विषय समेट्ने सहमति बनेको र सोहीअनुसार बैठक आह्वान गरिएको हो । बैठकमा प्रदेश सभाका समितिमा तयार भएका संशोधन विधेयकका प्रतिवेदनहरु पेश हुने कार्यसूचि रहेको उनले बताए ।

विधेयकका प्रतिवेदनहरुलाई छलफल गरेर पारित गर्नुपर्ने भएकाले केही दिन प्रदेशसभा चलाउने गरी विषेश समयको कार्यसूचि राखेर बैठक संचालन गरिने उनको भनाई छ । एकसय १० सदस्यीय बागमती प्रदेशसभामा सात दलको प्रतिनिधित्व रहेको छ । जसमा एमाले २७, कांग्रेस ३७, राप्रपा १३, एकीकृत समाजवादी ७, नेमकिपा ३ र हाम्रो नेपाली पार्टी २ सांसदसहितको प्रतिनिधित्व रहेको छ ।

# विशिष्ट युवा प्रतिभा पहिचान कार्यक्रम: नवाचार र उद्यमशीलताको नयाँ युग



साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/युवामा रहेको सिर्जनात्मक क्षमता र उद्यमशील सोचलाई मूर्तरुप दिन प्रदेश युवा परिषद् बागमती र मकवानपुर बहुमुखी क्याम्पसको सहकार्यमा 'विशिष्ट युवा प्रतिभा पहिचान कार्यक्रम' सञ्चालनमा ल्याइएको छ ।

नवाचारलाई प्रोत्साहन गर्दै युवा स्टार्टअपलाई आवश्यक परामर्श, वित्तीय सहायता, प्रविधि तथा पूर्वाधारको पहुँच उपलब्ध गराउने लक्ष्यसहित सुरु गरिएको यस कार्यक्रम निरन्तर सञ्चालन हुने आयोजकले बताएका छन् । कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख र प्रदेश युवा परिषद् बागमतीका उपाध्यक्षबीच समझदारीपत्र आदान-प्रदान गरिएको थियो ।

समझदारीपत्र आदानप्रदान कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पस संचालक समिति अध्यक्ष अनन्त पौडल, क्याम्पसका निवर्तमान अध्यक्ष एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, परिषद्का कार्यालय प्रमुख रमेश घिमिरे, स्ववियू सभापति प्रसिद्ध रेग्मीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम अन्तर्गत नवप्रवर्तनशील सोचलाई व्यवसायमा रुपान्तरण गर्दै उद्यमशीलता प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ ।

विभिन्न चरणमा छनोट गरिने युवा नवप्रवर्तकलाई स्टार्टअप इन्क्यूबेटरमार्फत सहजीकरण गरिनुका साथै व्यवसायिक तालिम, नेतृत्व विकास, लगानी व्यवस्थापन र डिजिटल मार्केटिङसम्बन्धी ज्ञान प्रदान गरिनेछ । नवाचारयुक्त स्टार्टअपको पहिचान गरी तिनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउनका लागि आवश्यक सहयोग तथा पूर्वाधार उपलब्ध गराइने आयोजक संस्थाले जनाएका छन् ।

लगानीकर्तासँग प्रत्यक्ष सम्पर्क स्थापना गर्दै युवा व्यवसायीलाई वित्तीय स्रोत जुटाउन सहायता पुऱ्याउने योजना बनाइएको छ भने स्टार्टअप एक्सपो, इनोभेशन समिट तथा उद्यमशीलता प्रवर्द्धन गर्ने विभिन्न कार्यक्रम सञ्चालन गरिने तयारी गरिएको छ । परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंका अनुसार, देशको आर्थिक वृद्धिमा योगदान गर्ने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रमले नवीन सोचलाई व्यावसायिक सफलता दिलाउने मात्र नभई स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै स्वदेशमै रोजगारी सिर्जना गर्ने वातावरण निर्माण गर्न मद्दत गर्नेछ ।

प्रतिभावान् युवालाई स्वदेशमै अवसर प्रदान गर्दै ब्रेन ड्रेन न्यूनीकरणमा टेवा पुऱ्याउने विश्वास गरिएको छ । कार्यक्रमअन्तर्गत नवप्रवर्तक तथा स्टार्टअपलाई वित्तीय सहायता र लगानीको व्यवस्थापन गर्न विभिन्न उपाय अपनाइने छन् । प्रतिस्पर्धी रुपमा अनुदान वा बीउपुँजी उपलब्ध गराइने, स्टार्टअपलाई लगानीकर्तासँग जोड्ने अवसर प्रदान गरिने, बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरी उद्यमशील युवा स्टार्टअपलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराइने, स्टार्टअप व्यवसाय दर्ता, कर व्यवस्थापन तथा लगानी स्रोत पहिचानका लागि परामर्श दिइने, उद्यमशील युवालाई स्टार्टअप प्रवर्द्धनका लागि जोखिम पूँजीको पहुँच उपलब्ध गराइने तथा नवप्रवर्तनशील स्टार्टअपलाई अनुदान वा सहुलियतपूर्ण वित्तीय सहायता प्रदान गरिने योजना रहेको छ ।

कार्यक्रम अन्तर्गत नवप्रवर्तनशील विचारको संकलन तथा छनोटका लागि अनलाइन आवेदन फारम उपलब्ध गराइनेछ । प्रारम्भिक छनोट समिति गठन गरी नवाचार मूल्यांकन गरिनेछ भने अनुभवी उद्यमी, विज्ञ तथा अनुसन्धानकर्ताको संलग्नता सुनिश्चित गरिनेछ । ह्याकाथन, पिचिङ कम्पिटिसन वा आइडिया च्यालेन्ज जस्ता कार्यक्रम सञ्चालन गरी छनोट गरिएका स्टार्टअपलाई आवश्यक प्रविधि तथा स्रोतसाधन उपलब्ध गराइनेछ र व्यावसायिक मोडेल विकासका लागि सहजीकरण गरिनेछ ।

आयोजकका अनुसार, नवाचार, प्रविधि र वित्तीय पहुँचको प्रवर्द्धन गर्दै दिगो विकास लक्ष्य हासिल गर्न केन्द्रित यो कार्यक्रमले युवा उद्यमशीलताको नयाँ युगको सुरुवात गर्ने अपेक्षा गरिएको छ । इच्छुक युवालाई यस अवसरलाई सदुपयोग गर्न आवेदन दिन आह्वान गर्दै आयोजकले नवप्रवर्तनशील सोचलाई मूर्तरुप दिन सक्रिय सहभागिताको लागि आग्रह गरेका छन् ।

# मंगलबार महायज्ञमा १४ लाख संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/मानवसेवा आश्रमले मुख्य कार्यालयको क्षमता विकास तथा अक्षयकोष श्रीवृद्धि गर्ने उद्देश्यले आइतबारदेखि सुरु गरेको महायज्ञमा दान गर्ने दाताको सहभागिता बढ्दै गएको छ । महायज्ञमा मनकारी दाताले व्यक्तिगत तथा संस्थागतरुपमा गक्षअनुसारको दान गरिरहेका छन् ।

हेटौंडामा जारी महायज्ञमा मंगलबार १३ लाख ७४ हजार रुपैयाँ दान प्राप्त भएको मानवसेवा आश्रम बित्त विभागले जनाएको छ । महायज्ञमा नारायणी यातायात व्यवसायी संघले ५ लाख ११ हजार १ सय १५ रुपैयाँ (एक कोठा निर्माण) प्रदान गर्ने घोषणा गरेको छ । महायज्ञमा हेटौंडा उपनगरपालिका-११ मकवानपुर निवासी किशोर शर्मा कँडेलले अक्षयकोषको लागि २ लाख २२ हजार २ सय २२ दान गरेका छन् ।

हाल अस्ट्रेलिया निवासी बद्री बरुवाल र केदार बरुवालले १/१ लाख रुपैयाँ दिने प्रतिबद्धता गरेका छन् । लिला उप्रेतीले आजीवन भोजनसेवा सदस्यता ग्रहणबापत १ लाख ११ हजार १ सय ११ रुपैयाँ योगदान गर्ने प्रतिबद्धता गरेका छन् । अक्षयकोष श्रीवृद्धिको लागि महायज्ञमा ओमकार कँडेल/भवानी कँडेल, मुक्तलाल पौडेल, दिलाराम सापकोटा, राजेन्द्रप्रसाद ढकाल/एलिना रिजाल ढकाल, जेश देउजा, शालिकराम शर्मा/जानकीदेवी शर्माले ब्यक्तिगत रुपमा सहयोग उपलब्ध गराएका छन् ।

अक्षयकोष श्रीवृद्धिको लागि राजुकुमारी श्रेष्ठ/कुमार श्रेष्ठ, भरतप्रसाद अधिकारी, गोपाल खरेल, गुप्तेश्वर टोल विकास संस्था, गोरक्षेश्वर क्षेत्र विकास समिति, सावित्रादेवी घिमिरे, सूर्योदय टोल विकास संस्था, मिलन टोल विकास संस्थाले योगदान गरेका छन् । महायज्ञको अवसर पारेर आश्रमले लामो समयदेखि मावसेवामा समर्पित १० जना अभियन्ताका अभिभावकलाई अभिनन्दन गरेको छ ।

# हिउँदे अधिवेशन अन्त्य, विधेयक माग्दै शिक्षक सडकमा

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/जारी हिउँदे अधिवेशनबाटै विद्यालय शिक्षा विधेयक पारित गर्न दबाब दिने भन्दै नेपाल शिक्षक महासंघले भोलि बुधबारदेखि काठमाडौं केन्द्रित सडक आन्दोलन घोषणा गरेकै दिन संसद अधिवेशन अन्त्य भएको छ ।

सोमबार बेलुका बसेको मन्त्रीपरिषद् बैठकले संघीय संसदको हिउँदे अधिवेशन मंगलबार राति १२ बजेबाट अन्त्य गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । मन्त्रीपरिषद्को निर्णयअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदका दुबै सदनको बैठक अन्त्य गरेका छन् । यही अधिवेशनबाट विधेयक पारित गर्न भन्दै शिक्षकले सुरु गरेको आन्दोलनअन्तरगत प्रर्दशन भने बुधबारदेखि हुँदैछ । गत माघ १८ गतेबाट सुरु भएको हिउँदे अधिवेशनमा २७ वटा बैठक बसेका थिए ।

नेपाल शिक्षक महासंघले चैत २० अर्थात भोलिदेखि काठमाडौं केन्द्रित अनिश्चितकालीन सडक आन्दोलन गर्ने निर्णय गरेको छ । शिक्षक महासंघले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गरी शिक्षकसँग बिगतमा गरिएका सम्झौता सहित विद्यालय शिक्षा बिधेयक जारी नगरुन्जेल आन्दोलन गर्ने जनाएको छ । आन्दोलनमा करिब ४ लाख शिक्षक उतार्ने महासंघले जनाएको छ ।

स्थायी, राहत, साविक उमावि, सिकाइ अनुदान, बालविकास कक्षा, अस्थायी/करार, प्राविधिक धार, विशेष शिक्षा तथा संस्थागत विद्यालयलगायत सबै प्रकृतिका शिक्षक तथा विद्यालय कर्मचारीका सबै समस्या समाधान गरी शिक्षा ऐन जारी नभएसम्म आन्दोलन निरन्तर चल्ने महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताएका छन् । संसदको हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन पनि भनिन्छ ।

तर, शिक्षा विधेयक टुंगोमा पुऱ्याउनु पर्ने सामुदायिक विद्यालयका शिक्षक व्यवस्थापन र विद्यालय शिक्षामा जारी निजी लगानीको विषय संसदीय समितिले पर्गेल्न नसक्दा विधेयक अड्किएको छ । अधिवेशन नै अन्त्य भएपछि यही अधिवेशनबाट विधेयक पारित गर्न दबाब दिने शिक्षक महासंघको सडक प्रर्दशनको औचित्य माथि प्रश्न उब्जिएको छ ।

विद्यालय तहसम्मको अधिकार स्थानीय सरकार मातहत हुने संवैधानिक व्यवस्थाविरुद्ध आमशिक्षकले असन्तुष्टी जनाउँद आएका छन् ।

# मानव बेचबिखनविरुद्ध सचेतना कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/लैंगिकहिंसा, लागूऔषध, साइबर क्राइम तथा मानवबेचबिखनविरुद्ध सचेतना कार्यक्रम गरिएको छ ।

सामुदायिक विकास संस्था नेपालको आयोजना तथा प्रदेश युवा परिषद् बागमतीको सहयोगमा कार्यक्रम भएको हो । मकवानपुर बहुमुखी क्याम्पसको हलमा भएको कार्यक्रममा क्याम्पसमा कक्षा ११ मा विज्ञान अध्ययनरत् ७० विद्यार्थीको उपस्थिति थियो ।

मानवबेचबिखन तथा तनाव व्यवस्थापनसम्बन्धि अर्पण पराजुलीले प्रस्तुतिकरण दिएका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका एसपी विश्वराज खड्काले साइबर क्राइमसम्बन्धी प्रस्तुतिकरण दिएका थिए ।

गैरसरकारी संस्था मकवानपुर अध्यक्ष रमिला सापकोटाले लैंगिकहिंसाबारे प्रस्तुतिकरण दिएकी थिइन् । क्याम्पस सञ्चालक समिति अध्यक्ष अनन्तप्रसाद पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता थियो ।

युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईं, क्याम्पस प्रमुख डा. यम सिलवाल, स्वतन्त्र विद्यार्थी युनियन अध्यक्ष प्रसिद्ध रेग्मी र परिणद् प्रमुख अधिकृत रमेश घिमिरेलगायतको उपस्थिति थियो ।

# पिप्लेक्याम्पा रंगशालामा शिव महापुराण

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/राधा फाउन्डेसनले वैशाख २ गतेदेखि १३ गतेसम्म हेटौंडा-५, पिप्लेक्याम्पा रंगशालामा शिव महापुराण संचालन गर्ने भएको छ ।

झापाको कन्काइ-६, मनसापुरस्थित आश्रममा आश्रय लिइरहेका बालबालिकाका लागि सञ्चालक राधा फाउन्डेसन तथा पुराण आयोजक समितिको आयोजनामा कार्यक्रम हुने सोमबार पत्रकार सम्मेलनमार्फत् जानकारी गराइएको हो ।

भागवत् कथावाचिका राधिका दासीको नेतृत्वमा फाउन्डेसनमा सरकार, गैरसरकारी निकायको सहयोगको अपेक्षा गरेको दासीले बताइन् ।

हाल दाताहरुको सहयोगमा झापाको कन्काइ नगरपालिका-६, मनसापुरस्थित १८ कोठे आश्रम तथा सत्संग भवन निर्माण जारी रहेको उनले जानकारी गराइन् । १४ गते



हेटौंडा क्षेत्रमा ९० वर्ष कटेका वृद्धवृद्धा तथा समाजमा धार्मिक तथा सांस्कृतिक जागरण गर्दै आएका आमा समूहमा रहेकालाई सम्मान गर्ने कार्यक्रम रहेको उनले जानकारी दिइन् ।

हेटौंडाबाट धेरैले हेटौंडामा गर्न आग्रह गरेपछि तीन महिनाअघि तयारी सुरु गरेको उनले जानकारी दिइन् । रकम संकलनका लागिमात्र कार्यक्रम नरहेको उनको दाबी छ ।

कार्यक्रमका लागि वडाअध्यक्ष सुशील घिमिरे संयोजक छन् । वैशाख २ गते राप्तीस्थित गोरक्षेश्वरबाट कलशयात्रा गरी सुरु गरिने आयोजकले जानकारी दिएको छ ।

राधा फाउन्डेसनको आफ्नै भवन नभएको अवस्थामा झापाको कन्काइमा घर भाडामा लिइ १५ बालबालिका अंग्रेजी माध्यममा अध्यापन गराइरहेको छ भने ३५ बालबालिका काठमाडौंका विभिन्न विद्यालयमा आवासीयरुपमा रहेको जानकारी दिइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सत्तापक्ष र प्रतिपक्षको जुहारी

प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रतिपक्षी दलहरुले आज मंगलबारको प्रदेशसभा बैठक अवरुद्ध गरेका छन् । यसरी बैठक अवरुद्ध भएको यो पहिलोपटक भने होइन । बागमती प्रदेशको मन्त्रीपरिषद्को सोमबार बसेको बैठकले प्रदेश नीति तथा योजना आयोगको गठन तथा सञ्चालनको लागि विधेयक मस्यौदा गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । बैठकले प्रदेश समपूरक अनुदानसम्बन्धी कार्यविधि २०८१ लाई पनि स्वीकृति प्रदान गरिएको थियो । बैठकले प्रदेश कामकाजको भाषा ऐन कार्यान्वयन भएको दिन, गाइजात्राको दिन, चेपाङ समुदायको न्वागी र माझी समुदायको लदीपर्वको सन्दर्भमा २०८२ सालमा थप ४ दिन सार्वजनिक बिदा थप्ने निर्णय गरेको थियो । बैठकले पूर्वाधार मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयको कार्यालयप्रमुख राजु श्रेष्ठलाई बढीमा ६ महिनाका लागि कायममुकायम जिम्मेवारी दिने निर्णय गरेको छ । बागमती प्रदेशसभाको बैठक आज दिउँसो १ बजे बस्ने भनिएको भएपनि साँझ ७ बजेतिर सूचना प्रकाशित गरेर बुधबारलाई सारिएको छ ।

प्रमुख विपक्षी दलहरुले भने प्रदेशसभाको बैठक चल्न नदिने चेतावनी दिएका छन् । माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले पछिल्ला गतिविधिका विषयमा सरकारको स्पष्ट धारणा नआएसम्म बैठक चल्न नसक्ने चेतावनी दिएका छन् । उनले सरकारको गतिविधि र मन्त्रीहरुका कामका विषयमा सरकारले चित्तबुझ्दो जवाफ नदिए हाउस चल्न नसक्ने बताएका हुन् । प्रदेशका निवर्तमान मुख्यमन्त्रीसमेत रहेका जम्कट्टेलले विगतमा विपक्षी दलहरुसँग गरेका सहमति र प्रदेशका गरिबी निवारण तथा सहकारीमन्त्रीका स्वकीयको आत्महत्याका विषयमा सरकारले जवाफ दिनुपर्ने बताए । सरकारले मन्त्रीहरुलाई जवाफदेही र जिम्मेवार बनाउन नसक्दा सहकारी ठगीमा संलग्न हुने गरी अडियो रेकर्डहरु सार्वजनिक भएको उनको दाबी छ । सहकारी ठगी केसमा मन्त्रीको स्वकीय जोडिएको अडियो सार्वजनिक भएको विषयमा सरकारले आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने उनको माग छ । यो विषयमा सरकारले स्पष्ट जवाफ नदिएसम्म संसद् बैठक चल्न नसक्ने नेता जम्कट्टेलले बताए । सत्तापक्षले आफूहरुसँग कुनै पनि विषयमा समन्वय नगरेको प्रतिपक्षीको आरोप छ । प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले संसद् सञ्चालनका लागि खासै समस्या नरहेको उल्लेख गर्दै सहज वातावरण बनाउन प्रदेश सरकार तयार रहेको बताइरहेका छन् । सत्तामा रहने जोसुकैलाई प्रतिपक्षीको वास्ता नहुने पुरानै रोग हो ।

गंभीर विषयलाई पनि हल्का रुपमा लिने सत्तापक्षको समस्या हो । विपक्षी दल र सत्तापक्षबीचका राजनीतिक विषयलाई छलफलका माध्यमबाट समाधान गरेर जानुको बिकल्प छैन । तर, हामीकहाँ सत्तामा रहेसम्म मैमत्त हुने र सत्ताबाहिर भएको दिन बल्ल जनताको संझना आउने गरेको छ । पछिल्लो राजनीतिक घटनाक्रम र प्रदेशसभा सञ्चालनको विषय टुंग्याउन सर्वदलीय बैठक आह्वान गरेको भएपनि विगतका सहमति, पछिल्लो समय प्रदेश सरकारका कामकाज तथा हालै विकसित राजनीतिक घटनाक्रमबारे छलफल हनै सकेन । सत्तापक्ष र प्रतिपक्षबीचका राजनीतिक सहमति कार्यान्वयनका सवालमा छलफल गर्न पनि सर्वदलीय बैठक आह्वान गरिएको थियो तर, सहमति जुटेन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत २१ गते बिहीबार २ अप्रिल २०२५ । षष्ठी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५४, सूर्यास्त ६:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋृणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# को राजा ? कस्तो राजतन्त्र ?



✍ हरि ज्ञवाली

नेपाली जनताको संघर्ष र बलिदानको बलमा शाहवंशीय निरंकुश राजतन्त्र १८ वर्षअघि नै समाप्त भएको हो । लोकतान्त्रिक र संवैधानिक तरिकाले संस्थागत भएको गणतन्त्रमा सामन्तवादी संरचना र त्यसका अवशेष बाँकी रहँदा समय-समयमा राजतन्त्र पक्षधर व्यक्ति र समूहले टाउको उठाउने गरेका छन् ।

### इतिहासमा राजाहरूको वंश

नेपालमा राजतन्त्रको इतिहास झण्डै २५० वर्ष लामो छ । यसबीचमा विभिन्न राजवंशले शासन गरेका छन् । प्रारम्भिक कालमा किराँत राजाहरूको शासन थियो । यिनीहरू नेपालको पहिलो शासक मानिन्छन् । त्यसपछि लिच्छवी वंशका राजाले शासन गरे । मल्ल राजाहरूले लगभग ५ सय वर्षसम्म शासन गरेको इतिहास छ । काठमाडौं, भक्तपुर र ललितपुर तीन अलग-अलग राज्यमा अनेक राजा भए । गोपाल वंश सबैभन्दा पुरानो भनिन्छ । महिषपाल वंशका पनि राजा थिए । किरात वंशमा २९ जना राजा भएको इतिहास छ ।

नेपालको पहिलो राजा यलम्बरलाई भनिएको छ । लिच्छवीकालमा मानदेव, शिवदेव, नारायणदेव प्रसिद्ध राजा मानिन्छन् । मल्ल वंशमा पहिलो राजा अभय मल्ल भए पनि जयस्थिति मल्ल, यक्ष मल्ल, प्रताप मल्ल, सिद्धिनरसिंह मल्ल प्रसिद्ध राजा भए । बाइसे, चौबीसे राजा र तिनका सन्तान-उपसन्तान राजाहरूको नामावली लामै बन्न सक्छ । त्यसो त लिगलिग कोटको दौड प्रतियोगिता जितेर पनि राजा बनेको इतिहास छ । प्रजातन्त्र प्राप्तिको आन्दोलन चर्किरहेको बेला भागेर गएका राजालाई ल्याएर पुन: राजगद्दीमा राखिएको प्रसंग पनि उल्लेख्य घटना नै हो । नेपालमा शाह वंशका पहिलो राजा कुलमण्डल शाहलाई मानिएको छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको भए पनि उनकै वंशका ज्ञानेन्द्र शाह नेपालका अन्तिम राजा भए ।

२०६५ सालमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बनेपछि राजतन्त्रको बिरासत र बर्चस्व दुवै समाप्त भयो । ती तमाम राजा भनिएकाहरूले नेपाली आम जनतालाई सुख, समृद्धि, विकास र सुशासन दिए कि उल्टै अत्याचार, दमन र कुशासन गरेर रैती बनाइरहे ? इतिहासका यी विषयको सही अध्ययन र अनुसन्धान हुनुपर्छ ।

### राजतन्त्रको पक्षमा वकालत गर्ने चार प्रवृत्ति

यतिखेर सडक र सामाजिक सञ्जालमा राजतन्त्रको पक्षमा अस्वाभाविक किसिमले वकालत गर्ने चारथरी प्रवत्तिका मानिसहरू पाइन्छन् । एकथरी युवापङ्क्ति छ, जसले हिजोको पञ्चायती निरंकुशता भोगेकै छैन । दमन र अत्याचार सहनुपरेकै छैन । पञ्चायती निरंकुशताले सिर्जना गरेका बेथिति र विसङ्गति देखेकै छैन । मौलिक अधिकार र स्वतन्त्रता हनन भोग्नै परेन । अन्याय, अत्याचार र भ्रष्टाचारको विरुद्धमा मुख खोल्नेबित्तिकै प्रशासनको कुटपिट, धरपकड र जेलनेल भोग्नै परेन । आम जनताको चानचुने सैर्ष र बलिदानीले आजको खुला व्यवस्था आएको होइन भन्ने कुरा उनीहरूलाई थाहै छैन ।

त्याग, दु:ख, सङ्घर्ष र यातनाको अनुभव नै नगरेका केही युवापङ्क्ति लहलहैमा सडक र सामाजिक सञ्जालमा राजतन्त्रको पक्षमा उपयोग भएका छन् । अर्काथरी व्यक्ति वा समूह छन्, जसले राजतन्त्रको पञ्चायतीकालमा देश र जनतालाई प्रशस्त मात्रामा दोहन गरे । अनियमितता, बेथिति र भ्रष्टाचार गरेर अकुत सम्पत्ति आर्जन गरे । समाजमा हैकम बढाएर एकछत्र शासन गरिरहे । आम नागरिकमाथि अन्याय, अत्याचार र दमन गरिरहे । लोकतान्त्रिक व्यवस्थामा उनीहरूको त्यो हैकम, शान, शक्ति जस्ताको तस्तै रहने कुरै भएन । उनीहरूले पहिलाझैं लुट, मनपरी र भ्रष्टाचार गर्न पाएनन् । अहिले पुरानै व्यवस्था फर्काएर देश र जनतालाई पुन: लुट्न चाहन्छन्, त्यसैले राजतन्त्रको अभियानलाई जगाइरहेका छन् ।

अर्कोथरी, नेपालविरोधी राष्ट्रिय-अन्तर्राष्ट्रिय तत्वहरू छन्, जसले नेपाली समाजमा अराजकता सिर्जना गरेर र जनतालाई विभाजित गरेर मुलुकमा अस्थिरता सिर्जना गर्ने अभीष्टमा छन् । तिनीहरू राजतन्त्रको पक्षमा जनमत सिर्जना गर्दै आफ्नो स्वार्थ पूरा गर्ने दाउमा लागेका छन् । एकथरी ती नेता कार्यकर्ता छन्, जो आफ्नै पार्टीका गणतन्त्रवादी नेता र नेतृत्वप्रति असन्तुष्ट छन् । मुलुकमा बढ्दै गएको आर्थिक संकट, युवा पलायन, भ्रष्टाचार, अराजकता, अशान्ति, बेरोजगारी लगायतका तमाम बेथितिका कारण खिन्न भएका छन् । गणतान्त्रिक पार्टीहरूले आशातीत काम गर्न नसकेको भन्दै कतिपय नेता-कार्यकर्ता विकल्प खोज्न राजावादी आन्दोलनमा लागेका छन् ।

### कुन बाटोबाट, को राजा आउलान् ?

ज्ञानेन्द्र शाह नेपालका अन्तिम राजा हुन् । २०६५ सालमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बनेपछि राजतन्त्र समाप्त भएको हो । पूर्वराजा ज्ञानेन्द्र शाहलाई विभिन्न समयमा विभिन्न आरोपहरू लागेका छन् । २०६१ माघ १९ मा ज्ञानेन्द्रले प्रत्यक्ष शासन लिँदै जनप्रतिनिधि संसद् विघटन गरेकै हुन् । उनको शासनकालमा प्रेस तथा मानव अधिकारमाथि कडा नियन्त्रण गरिएकै थियो । ज्ञानेन्द्रलगायत उनको परिवारलाई व्यावसायिक स्वार्थका लागि राजकीय शक्ति प्रयोग गरेको आरोप पनि छँदैछ । नारायणहिटी दरबार हत्याकाण्डको आरोपबाट समेत उनी मुक्त छैनन् ।

के यिनै विवादास्पद ज्ञानेन्द्रलाई पुन: राजा बनाउन यो अभियान हो यो ? कुन संवैधानिक बाटोबाट, कसरी उनी राजा बन्न सम्भव छ ? उनी नेपालको राजकीय अभिभावकत्व ग्रहण गर्न सक्षम र योग्य छन् ? के नेपाली जनताका लागि यो स्वीकार्य हुनसक्छ ? यक्ष प्रश्न यिनै हुन् । राजा र राजतन्त्र अब नेपालको इतिहास भइसकेको छ । भूत भइसकेको छ । सडक र सामाजिक सञ्जालमा अस्वाभाविक रूपले बौरिएका राजावादी समूहले इतिहासमध्येका कुन व्यक्तिलाई राजा बनाउन र कस्तो खालको राजतन्त्र ल्याउन आन्दोलन गरिरहेका छन् ?

कुन राजाको वंश र कस्तो राजतन्त्रको पक्षमा यतिखेर अस्वाभाविक गतिविधि र हर्कत भइरहेका छन् ? लोकतान्त्रिक र संवैधानिक तरिकाले बिदा गरिएको राजतन्त्र केही समूहको स्वार्थपूर्ण जुलुसकै भरमा कुन बाटोबाट कसरी पुनर्स्थापित हुन सक्छ ? यस्ता तमाम प्रश्नहरू थपिँदै जाँदा राजतन्त्रवादीहरुको यो अभियान कदापि सफल हुने अवस्था देखिँदैन ।

### राजतन्त्र पक्षधरका फरक-फरक स्वार्थ

सडक र सामाजिक सञ्जालमा राजसंस्थाको पक्षमा केही सक्रियता देखिए तापनि राजावादी व्यक्ति तथा समूहहरू एउटै मुद्दामा एकजुट हुन सकेका छैनन् । उनीहरू सबैले आआफ्नै स्वार्थ बोकेर हिँडिरहेको अवस्था छ । राप्रपालाई चुनावमा बलियो शक्ति बन्नुपरेको छ । दुर्गा प्रसाईंलाई बैंकको ऋण मिनाहा गराउनुपरेको छ । कमल थापा र नवराज सुवेदी लगायतका पञ्च नेतालाई विगतको बिरासत प्राप्त गर्नुपरेको छ । रविन्द्र मिश्रले आफ्नो अभियान र व्यक्तिगत चाहनालाई पूरा गर्नुछ । अराजक अभियन्ताको आरोप लागेर राप्रपाबाट चुनाव जितेका ज्ञानेन्द्र शाहीले पार्टीमा हैकम जमाउनुपरेको छ । अन्य पार्टीका अवसरवादी नेता-कार्यकर्ताहरूले अवसरका लगि आआफ्ना पार्टीमा बार्गेनिङ गर्नु छ । केही अन्य ससाना संगठनहरूलाई आफ्नो अस्तित्व देखाउनु छ । केही शक्तिले सडकमा अराजकता सिर्जना गरेर आफ्नो स्वार्थ पूरा गर्नु छ । नेपालविरोधी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिहरूले यही बेला खेल्नु परेको छ । फरकफरक स्वार्थ र अलगअलग उद्देश्य बोकेका झुण्डहरूको यस्तो अभियान सफल हुने अवस्था देखिँदैन ।

### निराशा र असन्तुष्टि नै अस्थिरताको कारक

यतिखेर राजतन्त्रको पक्षमा देखिएको ठूलो भिड व्यवस्थाविरुद्ध नभई राजनीतिक दल र नेताहरूको कार्यशैलीप्रतिको आक्रोश मात्र हो । तर विडम्बना, गणतान्त्रिक दलका नेताहरू देश र जनताप्रति त्यति गम्भीर र जिम्मेवार देखिँदैनन् । मुलुकमा आर्थिक संकट, बढ्दो भ्रष्टाचार, अराजकता, अशान्ति, बेरोजगारी लगायतका तमाम बेथितिका कारण चारैतिर असन्तुष्टि बढेको बढ्यै छ । गणतान्त्रिक पार्टीहरूले आशातीत काम नसक्दा आम जनतामा चरम निराशा र असन्तुष्टि छ । गणतन्त्रवादी राजनीतिक दलको उद्देश्य केवल मिलीजुली सत्तामा जाने र राज्यको ढुकुटीमा ब्रह्मलुट मच्चाउनेमा केन्द्रित भएका छन् । चिन्ता र आपत्तिको विषय यही हो ।

### कमजोर छैन गणतन्त्रको जग

हालको लोकतान्त्रिक गणतन्त्र कसैले उपहार दिएको वा टिठाएर दिएको व्यवस्था होइन । नेपाली जनताको करिब ७० वर्षको निरन्तर सैर्ष र आन्दोलनको उपलब्धि हो । हजारौं नेपाली जनताको शहादतपछि मात्र यो प्राप्त भएको हो । जनताले आफ्नो रगतसँग साटेर ल्याएको यो लोकतान्त्रिक गणतन्त्रको जग त्यति कमजोर छैन । कुनै व्यक्ति वा समूहको मनोगत चाहना, सानोतिनो प्रयास र फगत हल्लाले मात्र यो बलियो जग हल्लिने अवस्था छैन । लोकतान्त्रिक गणतन्त्र संसारकै उन्नत व्यवस्था हो । योभन्दा उत्कृष्ट राजनीतिक व्यवस्था नेपालमा पनि छैन । गणतन्त्रवादी दलहरुप्रति केही असन्तुष्टि र गुनासा भए पनि अहिले नै आम जनताले व्यवस्थाकै विकल्प खोजिसकेका छैनन् । तसर्थ, इतिहास भइसकेको पुरानो राजतन्त्र अग्रगामी र उन्नत लोकतन्त्रको विकल्प हुन सक्दैन ।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको दुई दशक नपुग्दै राजतन्त्रको भूतबाट तर्सिनुपर्ने अवस्था कसरी आयो ? गणतान्त्रिक व्यवस्थामाथि आँच आउन नदिन गर्नैपर्ने विषयहरू केके हुन् ? आम जनतामा बढ्दै गएको असन्तुष्टि र निराशालाई कसरी सम्बोधन गर्ने ? यी प्रश्नहरुको जवाफ खोज्न गणतन्त्रवादी दलहरू गम्भीर र चिन्तनशील हुनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# राज्य र आन्दोलनकारी शक्ति दुवैबाट लोकतन्त्रको उपहास

✍ उमङ्गजङ्ग शाह

लोकतन्त्रमा वैकल्पिक विचारलाई सधैं ठाउँ रहन्छ । आफ्नो अभिव्यक्तिमार्फत सम्पूर्ण नागरिकले आफ्ना विचारलाई प्रकट गर्न पाउनुपर्छ । शान्तिपूर्णरूपमा विरोध प्रदर्शन गर्न पाउनुपर्छ । पछिल्लो दुई-चार दिनमा यस्ता कुनै पनि लोकतान्त्रिक मूल्य र मान्यताको कदर गरिएको देखिएन । आन्दोलनकारी उग्रवादी र सरकार दमनकारी भूमिकामा देखियो । लोकतान्त्रिक मूल्य र मान्यतालाई तिलाञ्जलि दिँदै पाखुरीबलमा सबै अल्झिएको देखियो । कालो र सेतो धारणाको पछि नलागी सुशासनको कामना गर्ने हो भने तलका बुँदाहरुमा ध्यान जान आवश्यक छ । १) लोकतान्त्रिक अभ्यास चुनाव र सरकार बनाएर मात्र पूर्ण हुँदैन, बरु 'डिलेबिरेटिभ डेमोक्रेसी' अर्थात् विचारशील लोकतन्त्रको प्रयासबाट मात्र सफल हुन सक्छ ।

बहुसंख्यक वादले मात्र लोकतन्त्र पूरा हुँदैन, यसको पूर्णताको लागि बहुलवाद नभइहुँदैन । समावेशिताको आवश्यकतालाई महत्व दिँदै कुनै पनि निर्णयले प्रभावित हुने जनसंख्याले उक्त निर्णयमा छलफल गर्ने मौका पर्याप्त पाउनुपर्दछ । विडम्बना, सरकार पक्षले जनताका आवाजलाई प्रतिगामी शक्तिको संज्ञा दिँदै त्यो आवाजविरुद्ध नै शक्ति प्रदर्शन गर्ने निर्णय लियो । हामी त्योभन्दा बढी मानिस ल्याउँछौं भनेको के हो ? नेपाली जनतालाई तर्साउन नेपाली जनता ल्याउँछु भनेको ? व्यवस्थामाथि प्रश्न जनस्तरबाट उठ्छ भने जनताको फ्रस्ट्रेसन बुझी समर्थन प्राप्त गर्ने बाटोतिर लाग्नुपर्ने होइन र ? लोकतान्त्रिक व्यवस्थामा आफ्नै देशको नागरिक शत्रु हुनै सक्दैन । निरङ्कुशतामा मात्र त्यो सम्भव छ । राज्यपक्ष लोकतान्त्रिक व्यवस्थाका हिमायतीहरूको यो कदम सरासर गलत हो ।

२) आफ्नो धर्म-संस्कृतिको प्रवर्द्धन गर्न पाउनु उन्नत लोकतान्त्रिक व्यवस्थाको बहुमूल्य उपहार हो । लोकतान्त्रिक व्यवस्थाअनुसार विरोधसभा, छलफल जेसुकै गरेर पनि आ-आफ्ना मूल्य-मान्यतालाई जोगाउन लोकतान्त्रिक व्यवस्थाले अवसर दिएको छ । कुनै पनि समुदायको मूल्य-मान्यतालाई बाहिरी शक्तिबाट रक्षा गर्ने र आन्तरिक दमनलाई निष्क्रिय पार्दै लाने लोकतन्त्रको स्वभाव हो ।

अर्थात् कुनै व्यक्तिलाई उसको धर्म-संस्कृति जबरजस्ती बोकेर हिँड्नुपर्छ भन्ने कुरामा लोकतान्त्रिक व्यवस्थाले समर्थन गर्दैन तर कुनै पनि व्यक्ति समूहको संस्कृति, धर्म आदिलाई बाह्य शक्तिले नकारात्मक प्रभाव पार्दछ भने लोकतान्त्रिक व्यवस्थाले त्यस कार्यलाई रोक्दछ र कुनै पनि समुदायको मूल्य-मान्यतालाई प्रवर्द्धन गर्न सहयोग गर्दछ । यस्तो अवस्थामा व्यवस्थामाथि नै प्रश्न उठाउँदै गर्दा लोकतान्त्रिक व्यवस्थाको गुणहरूलाई उपयोग गर्नबाट आन्दोलनरत समूह चुकेको देखिन्छ ।

३) आन्दोलनका क्रममा राष्ट्रिय गान बजाई कार्यक्रम गर्दै गर्दाको अवस्थामा अश्रु ग्यास प्रहार गरी राज्य पक्षले शान्तिपूर्ण आन्दोलनलाई प्रभावित पारेको यथेष्ट प्रमाणहरू सामाजिक सञ्जालमा छाएका छन् । शान्तिपूर्णरूपमा भइरहेको कार्यक्रममा अश्रु ग्यास प्रहार गरी प्रदर्शन रोक्नु लोकतान्त्रिक पद्धति हुँदै होइन । तँ अलोकतान्त्रिक होस् त्यही भएर तलाई अलोकतान्त्रिक व्यवहार गर्छु भनेर लोकतान्त्रिक व्यवस्थाले भन्न पाउँदैन, त्यो पनि राष्ट्रिय गान बजिरहेको बेला ।

४) व्यक्तिको सामाजिक करार राज्यसँग हो । कुनै पनि राज्यको नागरिकले आफ्ना हक, अधिकार, जीवन आदिको संरक्षणको दायित्व राज्यलाई सुम्पन्छ र असल नागरिकको भूमिका उक्त राज्यमा रही निर्वाह गर्दछ । यी करारलाई पूर्णरूपमा पालना राज्यले गर्दैन भने नागरिकले विरोध प्रदर्शन गर्न पाउनुपर्छ । तर उक्त विरोधले अन्य नागरिकको स्वतन्त्रतालाई हनन गर्दछ भने त्यो व्यक्तिका स्वतन्त्रतामाथिको अन्याय साबित हुन्छ । व्यक्ति, संघ, संस्थाले नराम्रै गरेको भए पनि त्यसउपर कारबाही गर्न राज्यसत्तालाई दबाब दिने हो । आन्दोलनकारीहरूबाट व्यक्तिगत सम्पत्ति, उद्योग र सञ्चारमाध्यममाथि आक्रमण हुनु अत्यन्तै निन्दनीय कुरा हो ।

५) व्यक्तिहरूको निजी सम्पत्ति, ज्यान, धन आदिको रक्षा गर्नु राज्यको प्रथम दायित्व हो । प्रदर्शनको क्रममा राज्यका नागरिकहरूको जीवनमाथि असर पर्न नदिन राज्यले संवेदनशीलरूपमा आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ । प्रदर्शनकारीहरूलाई निजी सम्पत्ति र जनजीवनबाट पर राखी हुन सक्ने विध्वंशबाट जोगाउनुपर्छ । तर आन्दोलनका क्रममा सरकारपक्षबाट नै निजी भवन प्रयोग गरी अश्रु ग्यास प्रहार गरेको सामाजिक सञ्जालमा यत्रतत्र देखिन्छ भने स्थानीयहरूले समेत ती कुरालाई पुष्टि गरिरहेका छन् । आक्रोशित भीडलाई निजी सम्पत्तिबाट टाढा डाइभर्ट गर्नुको साटो निजी सम्पत्तितिर नै आकर्षित गराउने प्रशासनको भूमिका अत्यन्त गैरजिम्मेवारीपूर्ण देखिन्छ । त्यसपछिको सिलसिला सर्वविदित नै छ ।

६) आक्रोश आन्दोलनको विविध प्रकृतिमध्येको एक हो । आन्दोलनको नेतृत्व लिनेहरूले आक्रोशित आफ्ना समूहलाई संयम राख्न र सन्तुलन कायम गर्न सघाउनुपर्ने हो । नेतृत्व त्यसैको लागि आवश्यक हुन्छ । तर यस आन्दोलनका क्रममा नेतृत्वमा रहेका व्यक्तिले जबरजस्ती बाहुबली शक्ति देखाउँदै मानवविरुद्ध यन्त्र प्रयोग गरेर सुरक्षा घेरा तोड्नेजस्ता कार्य गरी अनावश्यक नजिर बसाल्दै समूहको आक्रोशलाई झनै उत्तेजित तुल्याएको प्रस्ट देखिन्थ्यो । यसले लोकतान्त्रिक विधिबाट विरोध प्रदर्शन गर्ने चरित्रलाई पक्कै बयान गर्न सक्दैन । यो आन्दोलनको नेतृत्वबाट साह्रै गैरजिम्मेवारीपूर्ण कार्य रह्यो ।

७) राज्यपक्षका हिमायती मूलधारका केही ठूला प्रभावशाली मिडियाहरूको एकोहोरो आन्दोलनकारीको विरुद्धमा समाचार सम्प्रेषण गर्ने प्रवृत्तिले बहुलवादको उपहास गर्दै इलिट मोडललाई अपनाइएको झल्को दिन्थ्यो, ठूला शक्ति मिली समाजको दिशा निर्धारित गरेजस्तो । निजी घरमा आक्रमण भएको प्रशस्त समाचार आउँदा त्यस घरलाई प्रयोग गरी अश्रु ग्यास प्रहार गरिएको भन्ने जनआवाजलाई सेन्सर गरियो । सामाजिक सञ्जालमा देखिएका कुरा र मूलधारका मिडियाले भनेको कुरा मेल नखाने देखिन्थ्यो । निजी घरलाई प्रहरीले किन प्रयोग गर्‍यो भन्ने प्रश्न कतैबाट सुनिएन न नै, ती प्रहरी नै थिए कि थिएनन् भन्ने प्रश्न ? सामाजिक सञ्जालमा त्यही मिडियाकर्मीको अगाडि स्थानीयले वास्तविक घटना बताइरहेको देखिन्थ्यो तर मूलधारका मिडियामा ती कुराले ठाउँ पाएनन्, बरु एकोहोरो आन्दोलनकारीलाई अपराधीको संज्ञासमेत दिन पछि परेनन् । राज्यको कार्यदेखि निराश भई आन्दोलनमा होमिएका नेपाली नागरिकहरु हिंसात्मक समूह हुन्छ ? व्यवस्थाउपर तिनको भरोसा कायम गराउने दायित्व राज्य, राज्य संयन्त्र र राज्यका अङ्गहरूको होइन ? लोकतान्त्रिक व्यवस्थामा लोकतन्त्रमाथि नै प्रश्न उठे पनि त्यो लोकतान्त्रिक पद्धतिभित्रै पर्छ भन्ने कुरा नबुझेका हुन् त यी मिडियाहरूले ? यस्ता विषयमा एक पक्ष भएर समीक्षा गर्दा त्यो लोकतान्त्रिक व्यवस्थाको संरक्षणमा देखिए पनि अलोकतान्त्रिक हुन्छ भन्ने कुरा बुझेका छन् कि छैनन् ? यसरी लोकतान्त्रिक व्यवस्था कसरी गहिराइमा पुग्दछ ? के हामी सधैं संक्रमणकालीन लोकतन्त्रमा नै अल्झिएर बस्ने ? राज्यको चौथो अङ्गले लोकतान्त्रिक संस्कृतिलाई प्रगाढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

८) आन्दोलनका क्रममा आन्दोलनकारी मध्येका या जोसुकैले लुटपाट एवं आगजनीका घटनाहरू गराए, त्यो साह्रै निन्दनीय छ र नेतृत्वको भूमिका साह्रै फितलो र संरचनाको अभाव प्रस्ट देखिन्छ । संस्थागत आन्दोलन भनिए तापनि संस्थालाई पूर्णता दिने संरचना देखिएन । कुनै पनि प्रभावशाली संरचनालाई पुष्टि गर्ने पक्षहरू जस्तै- उपयुक्त योजना, समन्वय तथा रणनीतिहरू आन्दोलनका क्रममा देखिएनन्, जसले आन्दोलनलाई अनियन्त्रित र अराजक बनायो । मिडिया, गोष्ठी, समारोहमा लक्ष्य र रणनीतिका कुरा गर्ने नेतृत्वमा रहेका व्यक्तिहरूको स्थलगत कार्यक्षमता स्तरहीन देखियो ।

९) सुरक्षा संयन्त्रको फितलो र गैरजिम्मेवारीपूर्ण उपस्थिति अप्रिय घटनाको अनेक कारणहरूमध्ये एक संवेदनशील कारण रह्यो । सुरक्षा संयन्त्र जनधनका सुरक्षाका लागि सधैं तत्पर रहनुपर्दछ । कुनै पनि घटनालाई पूर्वआङ्कलन गर्दा 'वर्स्ट केस सिनेरियो' अर्थात् निम्तन सक्ने विषम परिस्थितिलाई ध्यानमा राख्नुपर्ने हो । तर खटाइएको प्रहरीको संख्या र स्थलगत उपस्थितिले गैरजिम्मेवारीपनको पराकाष्ठालाई उजागर गरेको छ । सुरक्षा निकाय थोरै संख्या भन्दै जिम्मेवारीबाट पन्छिएको देखिन्छ । सुरक्षा व्यवस्थापनको उचित तयारी संविधानले दिएको स्थानीय, आन्दोलनकर्ता, स्वयं सुरक्षा संयन्त्र वा अन्य व्यक्तिहरूको ज्यान-धनको सुरक्षाको अधिकारको लागि मात्र होइन, आन्दोलन गर्न पाउने अधिकारको सुनिश्चितताको लागि समेत अत्यावश्यक हुन्छ ।

यही फितलो अभ्यासका कारण सेनालाई समेत आन्दोलन स्थलमा उतार्नुपर्ने आवश्यकता निर्माण भयो, जुन लोकतान्त्रिक अभ्यासको लागि राम्रो नजिर पक्कै होइन । अर्कोतिर डेट एक्सपायर भएका टियर ग्यासको समेत प्रयोग गरी नेपाली नागरिकको स्वस्थ रहन पाउने अधिकारमाथि नै खेलबाड गरिएको देखियो, जुन जति निन्दा गरे पनि कम हुन्छ । आफ्ना जवानहरूलाई आन्दोलनकारीबाट घेरिने गरी संवेदनशील अवस्थामा छोड्ने र हतियार नबोकेका नेपाली नागरिकमाथि के आधारमा गोली चलाइयो भन्ने प्रश्न लोकतान्त्रिक व्यवस्थामा पक्कै महत्वपूर्णरूपमा लिइनेछ भन्ने आश गरौं । आगलागी भएको भवनमा फसेका पत्रकारको उद्धार गर्न सहकर्मीहरूले बारम्बार आग्रह गर्दासमेत उदासीनता देखाएको भनिएको विषय पनि उत्ति नै गम्भीर छ ।

१०) आन्दोलनकारीहरूमा राजनीतिक चेतना देखिएन । हामीले कुन लक्ष्य प्राप्ति गर्नका लागि आन्दोलन गरिरहेका छौं ? हाम्रा परिधिहरू कहाँसम्म छन् र त्यसलाई नाघ्दा परिस्थिति केसम्म हुन सक्छ ? भन्ने कुराको हेक्का सर्वसाधारण आन्दोलनकारीहरूले राखेको देखिएन । आस्था आफ्नो ठाउँमा छ तर राजनीतिक चेतनाविना लोकतान्त्रिक अभ्यास हुन सक्दैन । अलिकति उत्तेजित हुन नपाउँदै ढुङ्गामुढा गर्ने र तोडफोडमा लाग्ने प्रवृत्ति हाबी भएको देखियो । सरकारी गाडी जलाउने आदिको नजिर त प्रभावशाली पार्टीहरूले नै बसालेका छन्, त्यो पनि अलोकतान्त्रिक नै हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# ६१ दिनमा बने ९ ऐन, संघीयता कार्यान्वयन शून्य

काठमाडौँ/संघीय संसद्को हिउँदे अधिवेशन अन्त्य भएको छ । गत माघ १८ गतेदेखि मंगलबारसम्म ६१ दिन चलेको अधिवेशनले विभिन्न ९ वटा ऐन बनाएको छ ।

राष्ट्रिय सभामा दर्ता भएर अगाडि बढेका चार वटा विधेयक ऐनमा रुपान्तरित भए ।

१. भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक,
२. विधायनसम्बन्धी विधेयक,
३. विद्युतीय व्यापार विधेयक,
४. सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक ।


भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक संसदमा पाँच वर्षसम्म रहेर ऐनमा रुपान्तरित भएको विधेयक हो । २०७६ साल माघ ६ गते संसद पुगेको यो विधेयक दुवै सभाबाट पारित भएपछि २०८१ साल चैत ३ गते राष्ट्रपतिबाट प्रमाणीकरण भयो । तर, एकैदिन दर्ता भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक भने संसदमै विचाराधीन छ । मन्त्रिपरिषद्का नीतिगत निर्णयसमेत अख्तियारको अनुसन्धानको दायरामा आउने प्रस्तावले अख्तियार विधेयक संसदमै अड्किएको छ ।

विधायनसम्बन्धी ऐन कानुन निर्माणको प्रक्रियासँग सम्बन्धित छ । सरकारले विधेयक ल्याउँदा के-कस्ता प्रक्रिया पूरा गर्नुपर्ने र कानुनअन्तर्गत बन्ने नियमावली, नियम, मापदण्ड, निर्देशिका लगायतमा कति अधिकार प्रत्यायोजित हुने भनेर व्यवस्थित गरिएको छ । विद्युतीय व्यापार ऐन अनलाइन व्यापारसँग सम्बन्धित छ । सूचना प्रविधिको बढ्दो प्रयोग र अनलाइनबाट हुने व्यापारलाई व्यवस्थित र करको दायरामा ल्याउने गरी यो ऐन बनेको हो ।

सुरक्षित कारोबार (पहिलो संशोधन) ऐन व्यक्ति वा निकायबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाउने प्रावधान छन् । यी तीन वटै ऐन २०८० सालमा संसदमा आएर बनेका ऐन हुन् । ६१ दिन चलेको हिउँदे अधिवेशनमा प्रतिनिधि सभामा दर्ता भएर अगाडि बढेका पाँच वटा विधेयक ऐनमा रुपान्तरित भए । यी सबै विधेयक अध्यादेश प्रतिस्थापन विधेयक हुन् । सरकारले संसद अधिवेशन नरहेका बेला विभिन्न ६ वटा अध्यादेश ल्याएको थियो । सबै अध्यादेश अधिवेशन सुरु भएकै दिन गत माघ १८ गते संघीय संसदको दुवै सदनमा प्रस्तुत भएका थिए । त्यसमध्ये ५ वटा अध्यादेश मात्रै सदनबाट स्वीकृत हुन सक्यो ।

सदनबाट स्वीकृत भएपछि पाँच वटै अध्यादेश प्रतिस्थापन विधेयक २०८१ साल फागुन २२ गते प्रतिनिधि सभामा दर्ता भए । ६०औं दिनमा पाँच वटै अध्यादेश प्रतिस्थापन विधेयक ऐनमा रुपान्तरित भए । अध्यादेश प्रतिस्थापन विधेयक अधिवेशन सुरु भएको ६० दिनभित्र ऐनमा रुपान्तरित भइसक्नुपर्ने संवैधानिक व्यवस्था छ । संवैधानिक सीमाको अन्तिम दिन पाँच वटै विधेयक ऐनमा रुपान्तरित भएका हुन् ।

१. सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक,
२. आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,
३. निजीकरण (पहिलो संशोधन) विधेयक,
४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक,
५. सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक ।




सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन अध्यादेश सरकारले गत पुस १४ गते ल्याएको थियो । जसमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने लगायतका प्रावधान छ । जो विधेयकमा समेत ऐनमा रुपान्तरित भइसकेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन बजेटका सिद्धान्त र प्राथमिकता (प्रि-बजेट) छलफलको समय लगायतसँग सम्बन्धित छ । अघिल्लो वर्ष तत्कालीन सरकारले संसदमा बजेट आउनुभन्दा ३ महिनाअघि अर्थात् फागुनमै प्रि-बजेट छलफल गरिसक्नुपर्ने प्रावधान लागू गरेको थियो । यसपटक एक महिनाअघि प्रि-बजेट छलफल गरिसक्नुपर्ने गरी विधेयक आएको थियो । संसदबाट पारित भएर ऐनमा रुपान्तरित हुँदा पुरानै व्यवस्था अर्थात्, बजेट आउन भन्दा १५ दिन अगाडि प्रि-बजेट छलफल सक्नुपर्ने व्यवस्था ब्युँतिएको छ ।

सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश र निजीकरण (पहिलो संशोधन) अध्यादेश गत पुस २९ गते जारी भएका थिए ।

नेपालमा लगानीको वातावरण थप सहज बनाउने र साना लगानीकर्तालाई सहुलियत दिने लगायतसँग सम्बन्धित यी अध्यादेश विधेयकको रुपमा संसदमा आएर ऐनमा रुपान्तरित भएका छन् ।

### महत्वपूर्ण विधेयक संसदमै

तर, संघीयता कार्यान्वयनसँग जोडिएका विधेयकहरू भने संसदमै रहे । संघीय निजामती सेवा विधेयक प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सम्बन्धित विधेयक पनि राज्य व्यवस्था समितिमै छ । संघीयता कार्यान्वयन भएको मानिने प्रमुख आधार हो, कर्मचारीतन्त्र । कर्मचारी समायोजनको मुख्य काम प्रतिनिधि सभाको अघिल्लो कार्यकालभित्रै भएको थियो । तर संघ, प्रदेश र स्थानीय तहको कर्मचारीको भर्ना, अधिकार क्षेत्र र कुन तह मातहत रहने जस्ता विषयमा परिणाम आएन । संविधानत: प्रादेशिक लोकसेवा आयोगहरू बनेका छन् । तर, अहिले पनि स्थानीय तह र प्रदेशमा संघ मातहतकै कर्मचारी छन् ।

प्रदेशको प्रमुख सचिव, प्रदेशका मन्त्रालयका सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत संघ मातहत हुनुपर्ने प्रावधानसहित प्रतिनिधि सभाको अघिल्लो कार्यकालमै विधेयक आएको थियो । तर प्रदेश र स्थानीय तहमा संघका कर्मचारी रहने विषय संघीयताको मर्मविपरीत हुने तर्कका कारण निजामती ऐन नै बन्न सकेन । प्रतिनिधि सभाको चालू कार्यकालमा पनि यो विधेयक संसदमा आएर अड्किएको छ । संघीय निजामती सेवा विधेयक २१ फागुन २०८० देखि संसदमा छ । यो विधेयक ऐनमा रुपान्तरित हुन नसक्दा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको १० वर्षसम्म पनि निजामती प्रशासन केन्द्रीकृत नै छ ।

संविधानअनुसार निजामती प्रशासनसँगै शान्ति सुरक्षाको जिम्मेवारीसमेत प्रदेश सरकारले पाएका छन् । तर व्यवहारमा संविधान जारी भएको एक दशकसम्म प्रहरी समायोजन हुन सकेको छैन । मुलुक संघीय शासन व्यवस्थामा गएको एक दशकसम्म संघीयता अनुकूलको व्यवस्थामा जान/लैजान नसकिएको अर्को क्षेत्र हो । सुरक्षा निकाय कुन तहअन्तर्गत कतिसम्म रहने भन्ने विषय संसदमा सधैं चर्चामा छ । तर कानुन बन्न सकेको छैन । परिणाममा प्रादेशिक सुरक्षा निकाय बन्नै सकेका छैनन् । प्रहरी समायोजनसम्बन्धी ऐन बनेर पनि संघीय प्रहरी ऐन नबनेको भनेर संघीय सरकार प्रहरी समायोजनमा अगाडि बढेको छैन । नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सम्बन्धित विधेयक १५ माघ २०८१ देखि प्रतिनिधि सभामा छ ।

संघीयता कार्यान्वयनसँग जोडिएको विद्यालय शिक्षा विधेयक पनि विधेयक अधिवेशनले अगाडि बढाउन सकेन । देशभरको विद्यालय तहसम्मको शिक्षाको नीति के हुने भनेर आएको विद्यालय शिक्षा विधेयक प्रतिनिधि सभा अन्तर्गतको संसदीय समितिमा छ । २७ भदौ २०८० मा संसदमा दर्ता भएको विद्यालय शिक्षा विधेयक प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलमा छ । सत्तारुढ दल नेपाली कांग्रेसका सांसद सुरेन्द्र केसी हिउँदे अधिवेशनमा विगतको तुलनामा कानुन निर्माणले केही गति लिएको बताउँछन् । तर महत्वपूर्ण विधेयक अगाडि बढाउन नसक्दा सन्तुष्ट हुनसक्ने अवस्था नरहेको उनको अनुभूति छ । उनी भन्छन्, 'हिउँदे अधिवेशन जति उपलब्धिपूर्ण हुनुपर्ने थियो त्यो भएन । शिक्षा र निजामती विधेयक संसदमै रह्यो । यसकारण विधायन क्षेत्रमा विधेयक अधिवेशनले जति काम गर्नुपर्ने हो, त्यति हुन सकेन भन्ने मेरो अनुभव रह्यो ।'

कांग्रेसका सांसद रामहरि खतिवडाका अनुसार हिउँदे अधिवेशनबाट २१ वटासम्म ऐन बनाउने उद्देश्य राखिएको थियो । यसका लागि सत्तारुढ दुई दल नेकपा एमाले र कांग्रेसका सांसदहरू सम्मिलित दुई दलीय संयन्त्र नै बनेको थियो । लक्ष्यअनुसार कानुन निर्माणलाई गति दिन नसकिएको स्वीकार्छन् कांग्रेस सांसद खतिवडा । 'विधेयक अधिवेशन सुरु गर्दै गर्दा २१ वटाभन्दा बढी कानुन बनाउँछौं भन्ने प्रतिवद्धता थियो । लक्ष्यसम्म पुग्न सकिएन,' प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिसमेत रहेका उनी भन्छन्, 'तथापि, हाम्रो प्रयास रह्यो । निजामती विधेयक अन्तिम चरणमा पुर्‍याएका थियौं । अब अर्को अधिवेशनमा अगाडि बढ्छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सोबिता गौतम संसदको मुख्य काम विधि निर्माण र संसदप्रति सरकारलाई जवाफदेही बनाउनु रहेको स्मरण बताउँछिन् । दुवैमा हिउँदे अधिवेशन सन्तोषजनक रहन नसकेको अनुभव उनको पनि छ । गौतम भन्छिन्, 'विगतका अधिवेशनमा भन्दा अलि बढी कानुन बनेका छन् । यो राम्रो छ । तर बनेका कानुनमा पर्याप्त छलफल हुन नपाएको कुरा छ । सरकारको जवाफदेहिताको विषय पनि कमजोर रह्यो ।'

हिउँदे अधिवेशनमा विपक्षीमाथि सत्तापक्षले नियन्त्रणमुखी व्यवहार गरेको उनको आरोप छ । सांसद गौतम थप्छिन्, 'अधिवेशन चुनौतीपूर्ण रह्यो । सुरुदेखि नियन्त्रणमुखी व्यवहार भयो । हाम्रो पार्टी सभापतिमाथि जे व्यवहार भयो त्यतिबेला देखि नै संसदमा सत्तापक्षको नियन्त्रित व्यवहार प्रकट भएको महसुस भयो ।' हिउँदे अधिवेशनको अनुभवबाट सिकेर अर्को अधिवेशनमा सबैले सकारात्मक पहलका निम्ति मिहिनेत गर्नुपर्ने बताउँछन्, कांग्रेसका सांसद मोहन बस्नेत । उनी भन्छन्, 'हिउँदे अधिवेशनले जनताको एक्सपेटेसन मिट गरेको अवस्था चाहिँ होइन । यस पटक भएका कमी-कजोरी सुधार गरी अर्को अधिवेशनमा प्रस्तुत हुनुपर्नेछ ।'

### पारदर्शितामा प्रश्न

प्रतिनिधि सभाले आफैँले सुरु गरेको सांसदको हाजिरी दैनिक सार्वजनिक गर्ने अभ्यास हिउँदे अधिवेशनमा लागू भएन । यो अभ्यास २२ माघ २०८० बाट सुरु भएको थियो । त्यस दिन प्रतिनिधि सभाको बैठक प्रारम्भ गर्दै सभामुख देवराज घिमिरेले संसदलाई प्रभावकारी, क्रियाशील र जीवन्त बनाउन सांसदको हाजिरी दैनिक सार्वजनिक गर्ने अभ्यास सुरु गरिएको घोषणा गरेका थिए । २२ माघ २०८० बाटै सांसदहरूको विद्युतीय हाजिरी सुरु भएको थियो । विद्युतीय हाजिरीसँगै संसद बैठकमा सांसदहरुको उपस्थिति दैनिक रूपमा सार्वजनिक गर्ने सभामुखको घोषणा केही समय लागू भयो । तर हाल यो अभ्यासमा छैन ।

संसद सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सांसदहरूको विद्युतीय हाजिरी र हाजिरी पुस्तिकामा हस्ताक्षरसहितको हाजिर दुवै हुँदै आएको छ । यी दुईटामै हेरेर सांसदहरूको हाजिरी सार्वजनिक गर्ने गरिएको छ । 'तर, हाजिरी दैनिक सार्वजनिक गर्न सकिएन । हस्ताक्षर सहितको हाजिरी र ई-हाजिरी दुवै छ । भेरिफाइ गर्दा समय लाग्ने भएकाले सार्वजनिक गर्न नसकिएको हो,' प्रवक्ता गिरीले संचारकर्मीसँग भने ।

प्रतिनिधि सभा नियमावली अनुसार १० भन्दा बढी बैठकमा अनुपस्थित सांसदको अनुपस्थितिलाई सभाले नै स्वीकृत गर्नुपर्छ । यसकारण १० भन्दा बढी बैठकमा अनुपस्थित सांसदबारे जनताले थाहा पाउँछन् । १० भन्दा कम अनुपस्थित सांसदको अनुपस्थितिलाई सभामुखले नै स्वीकृत गरिदिन्छन् । यसकारण जनताले थाहा पाउँदैनन् । प्रतिनिधि सभा नियमावलीको नियम २१३ मा अनुपस्थितिको सूचना दिनुपर्नेसम्बन्धी व्यवस्था छ । जहाँ कुनै सदस्य अस्वस्थ वा काबु बाहिरको परिस्थिति आइपरेर लगातार १० वटा बैठकमा अनुपस्थित रहनुपर्ने भएमा सभामुखलाई सूचना दिनुपर्छ ।

सभामुख देवराज घिमिरेका अनुसार हिउँदे अधिवेशनमा बसेका २७ वटा बैठकमध्ये १० भन्दा बढी बैठकमा ६ जना सांसद अनुपस्थित रहे । त्यसमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासमेत छन् । देउवा निरन्तर ११ वटा बैठकमा अनुपस्थित रहे । कांग्रेसकी सांसद लिलादेवी बोखिम लिम्बु १४, रमेश रिजाल १२ र सरस्वती बजिमय ११ वटा बैठकमा लगातार अनुपस्थित रहे ।

कांग्रेसकै सांसद मनोरमा शेरचन र राप्रपा सांसद गीता बस्नेत २७ वटै बैठकमा अनुपस्थित रहे । उनीहरु उपचारमा रहेकाले अनुपस्थित रहेको सूचना संसदलाई छ । तर बस्नेतका हकमा भने सहकारी ठगीको आरोपमा अनुसन्धानमा छिन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'महाभोज'को 'मख्खै परेँ' गीतमा दयाहाङदेखि मलिकासम्मको कौडा नृत्य



काठमाडौं/गणतन्त्र दिवसको दिन पारेर आगामी जेठ १५ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'महाभोज'को कौडा भाकाको गीत 'मख्खै परेँ' सार्वजनिक गरिएको छ । गीतमा सुरेन्द्र दियालीको शब्द रचना, प्रशान्त सिवाकोटीको स्वर तथा संगीत रहेको छ भने ससिका राईले गायनमा साथ दिएकी छन् ।

मौसम हिमालीको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका प्रमुख कलाकारहरू दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ र मलिका महत कौडा नृत्य गर्दै देखिएका छन् भने आर्यन सिग्देल र सुरक्षा पन्तलाई गाउँको सम्भ्रान्त व्यक्तिको रूपमा प्रस्तुत गरिएको छ । भिडियोको अन्त्यमा दयाहाङ र गौमायालाई छापामारको पोसाकमा देख्न सकिन्छ ।

'प्रकाश'बाट राष्ट्रिय अवार्ड जितेका दिनेश राउतको निर्देशनमा बनेको फिल्ममा वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने, आभा अर्याल, वीरेन्द्र सिंह कुशवाह लगायतको पनि अभिनय छ । निर्देशक राउतको यो आठौं फिल्म हो । उनको निर्देशित पछिल्लो फिल्म 'पूजार सार्की' सुपर हिट भएको थियो ।

क्लक वर्क क्रियशन र पिक्चर फ्रेमको संयुक्त निर्माण रहेको फिल्मका निर्माता हिमाल कडरिया हुन् । यसअघि उनले 'नाङ्गो गाउँ' र 'दु:खी आत्मा' निर्माण गरेका थिए ।

फिल्मको स्क्रिप्ट 'पूजार सार्की' र 'प्रकाश'का लेखक विकास सुवेदीले लेखेका हुन् । यसमा राजेश श्रेष्ठको छायांकन, निमेष श्रेष्ठको सम्पादन तथा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

# 'ऊनको स्वीटर'को टिजरमा अटो भर्ने समयको कथा



काठमाडौं/एक दशक अघिसम्म डायरी (अटो)का पानाहरूमा साथीभाई, आफन्तजन र प्रियजनले गीत, गजल, मुक्तकसहितका प्रेमिल शब्द कोर्ने प्रचलनजस्तै थियो । डायरीका पानामा फोटोहरू टाँसिन्थे अनि जीवनका अविस्मरणीय क्षणहरू अक्षरहरूमा कैद गरिन्थ्यो । तर, डिजिटल युगको उदयसँगै त्यो प्रचलन हराउँदै गइरहेको छ । अब त्यो समयलाई सम्झाउन फिल्म 'ऊनको स्वीटर' बनेको छ ।

मंगलबार सार्वजनिक गरिएको फिल्मको टिजरमा डायरी भर्ने समयको कथा छ, जहाँ डायरीका पानाहरू पल्टिँदा पुरानो यादको सुवास महसुस गर्न सकिन्छ । अभिनेत्री मिरुना मगरले डायरी भर्न दिएपछि अभिनेता विपिन कार्कीले प्रेमिल शब्द कोरेको दृश्यबाट सुरु भएको टिजरमा प्रेम, भावनात्मक द्वन्द्व र स्मृतिहरूको यात्रा प्रस्तुत गरिएको छ ।

फिल्मलाई नवीन चौहानले निर्देशन गरेका हुन् । उनको निर्देशनमा बनेका 'घुमी घुमी', 'तीन पाते', 'फूलथुङ्गे रानी' जस्ता म्यूजिक भिडियो चर्चित छन् । फिल्ममा विपिन र मिरूनासहित विल्सन विक्रम राई, एलेक्स पारस, परीक्षा लिम्बू, सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा, सुरज तमू, मेनुका प्रधान, भावना खपाङ्गी मगर, शारदा देवी सिलवाल लगायतको अभिनय छ ।

निर्देशक चौहान स्वयंको लेखन रहेको फिल्ममा सुजन चापागाईंको गायन तथा संगीत छ । उनले गाएको 'मखमखी' बोलको गीत चर्चित भइसकेको छ । युट्युबमा मात्र गीतलाई ९० लाख बढीले हेरि सकेका छन् । सुरज कटुवालको सह-लेखन रहेको फिल्ममा चिन्तन राजभण्डारीको छायांकन र कृष्ण भण्डारीको सम्पादन छ । फिल्मलाई सांगीतिक कम्पनी आर्टमाण्डूले निर्माण गरेको हो ।

# 'पिताम्बर' ट्रेलर: महिलामाथि हुने अत्याचारको कथामा प्रदीपको एक्सन




काठमाडौं/कृष्णा चौलागाईंको निर्देशनमा बनेको फिल्म 'पिताम्बर'को एक्सनप्रधान ट्रेलर सार्वजनिक गरिएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट १६ सेकेण्ड लम्बाइको ट्रेलरले फिल्म महिलामाथि हुने अत्याचारको कथामा बनेको प्रष्ट पार्छ । पिताम्बर पात्र अर्थात् प्रदीप खड्काले आमामाथि भएको अन्यायको बदला लिन गरेको संघर्षको वरिपरि ट्रेलर घुमेको छ ।

ट्रेलरमा पूरापूर प्रदीप हावी छन् । उनलाई एक्सन अवतार मा देख्न सकिन्छ । उनको अभिनेता सौगात मल्लसँग पनि घम्साघम्सी परेको छ । अभिनेता दयाहाङ राई भने प्रहरीको भूमिकामा छन् । ब्याकग्राउन्ड म्यूजिक, एक्सन कोरियोग्राफी र मेकिङ ट्रेलरको सबैभन्दा बलियो पक्ष हो । ट्रेलर हेर्दा एक्सनप्रति रुचि हुने दर्शकलाई फिल्मले आकर्षित गर्न सक्ने देखिन्छ ।

नयाँ वर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा प्रदीप, दयाहाङ र सौगातसहित आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, आर्यन सिग्देल, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट लगायतको अभिनय छ ।

फिल्मका निर्माता विशाल चौलागाईं हुन् । पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता तथा सुमन गौतम कार्यकारी निर्माता रहेको फिल्ममा प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा तथा संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेर बहादुर लामा र मानकृष्ण महर्जनको छायांकन तथा हिमाल केसीको द्वन्द्व निर्देशन छ ।

# मुख्य सिजन सुरु हुनै लाग्दा घट्दो क्रममा देखियो पर्यटक आगमन

काठमाडौं/नेपालमा मुख्य पर्यटन सिजन सुरु हुनै लाग्दा पर्यटक आगमन प्रवृत्ति भने घट्दो क्रममा देखिएको छ । सन् २०२५ सुरुवातबाटै पर्यटक आगमन अघिल्लो वर्षको तुलनामा घटेको छ । जनवरीमा २०२४ र २०२५ कै हाराहारी पर्यटक आएका थिए । फेब्रुअरी र मार्चमा आगमन घटेको छ ।

नेपाल पर्यटन बोर्डका अनुसार मार्च २०२५ मा १ लाख २१ हजार ६ सय ८७ पर्यटक नेपाल भ्रमणमा आएका छन् । यो २०२४ को तुलनामा ५.१ प्रतिशत कम हो । अघिल्लो वर्ष मार्चमा १ लाख २८ हजार १ य ७१ पर्यटक आएको बोर्डको तथ्यांक छ । २०१९ को तुलनामा समेत यस वर्ष पर्यटक आगमन खस्किएको छ । त्यो बेला १ लाख २७ हजार ३ सय ५१ पर्यटक नेपाल आएको देखिएको थिए ।

भारत सहित दक्षिण एसियाली भेगकै पर्यटक आगमन खस्किएपछि त्यसको असर पर्यटक आगमनमा देखिएको हो । मार्चमा दक्षिण एसियाली देशबाट अघिल्लो वर्ष ४० हजार ७ सय २७ र यस वर्ष ३५ हजार २ सय ८७ पर्यटक आएका छन् । जुन १३.४ प्रतिशत कम हो । उता, युरोपबाट हुने आगमन समेत यस महिना १०.५ प्रतिशतले खस्किएको छ । मध्यपूर्वबाट आउने पर्यटक संख्यामा भने ७९ प्रतिशतको बढोत्तरी देखिएको छ । अमेरिकी पर्यटक आगमनमा समेत सामान्य सुधार देखिएको छ । यस्तै प्रवृत्ति फेब्रुअरी २०२५ मा समेत देखिएको थियो । पर्यटन बोर्डका अनुसार उक्त महिना गत वर्ष ९७ हजार ४ सय २६ पर्यटक आएकोमा यस वर्ष ९६ हजार ८ सय ८० पुगेको छ ।

यस महिना पनि दक्षिण एसियाली देशको पर्यटक आगमन १४.२ प्रतिशतले खस्किएको थियो । अन्य भेगबाट भएको आगमन भने सुधार भएको छ । जनवरीमा भने अघिल्लो वर्ष ७९ हजार १ सय पर्यटक आएकोमा यस वर्ष ७९ हजार ९ सय ९१ जना आएका छन् ।

मार्च २०२५ मा सबैभन्दा धेरै भारतीय पर्यटक आउँदा दोस्रो नम्बरमा चिनियाँ छन् । यस महिना ११ हजार ४ सय ४३ चिनियाँ आएका छन् । अमेरिकी पर्यटक तेस्रो स्थानमा छन् । यस महिनामा ११ हजार ९२ जना अमेरिकी आएका छन् । चौथोमा श्रीलंकन देखिएका छन् । श्रीलंकाबाट ८ हजार ८ सय ८६ पर्यटक नेपाल आएका छन् । पाँचौं स्थानमा बेलायत छ । त्यहाँबाट ५ हजार ९ सय ९५ जना आएका छन् ।

### भारतीय निरन्तर घट्दै

पछिल्लो समय भारतीय पर्यटक आगमन निरन्तर घट्दो क्रममा देखिन्छ । व्यवसायीका अनुसार यसमा चर्को हवाई भाडा एक प्रमुख कारण हो । मार्च २०२५ मा २१ हजार ४ सय १२ भारतीय पर्यटक नेपाल आएका छन् । मार्च २०२४ मा ३० हजार ६ सय ९८ आएका थिए । फेब्रुअरीमा भारतबाट १९ हजार १ सय ८७ पर्यटक आएका थिए । गत वर्ष सोही महिना २५ हजार ५ सय ७८ आएका थिए । जनवरीमा २० हजार ४ सय ८५ भारतीय आएका थिए । अघिल्लो वर्ष जनवरीमा २४ हजार १ सय ३९ पर्यटक आएको तथ्यांक छ ।

सन् २०२५ को पहिलो तीन महिनामा झन्डै ३ लाख पर्यटक नेपाल आएको देखिएको छ । पर्यटन बोर्डका अनुसार तीन महिनामा २ लाख ९८ हजार ५ सय ५८ पर्यटक आएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# महासंघको आन्दोलनमा पत्रकार संगठनहरुको ऐक्यवद्धता




साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ राजावादीको आन्दोलनका क्रममा मारिएका पत्रकार सुरेश रजक, घाइते पत्रकार, सञ्चार माध्यममाथि भएको आक्रमणको विरोध जनाउँदै आएको नेपाल पत्रकार महासंघले मंगलबार पत्रकारका विभिन्न संगठनसँग छलफल गरेको छ ।

सञ्चारकर्मी र सञ्चार माध्यममाथि भएको आक्रमणविरुद्ध महासंघको आन्दोलनमा विभिन्न संगठनहरुले ऐक्यवद्धता जनाएका छन् । नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले महासंघको कार्यालयमा आयोजना गरेको छलफलमा संगठनका जिल्ला अध्यक्ष तथा प्रतिनिधि एवम् क्रियाशील पत्रकारले सञ्चारकर्मी र सञ्चार माध्यममाथिको आक्रमण निन्दनीय भएको उल्लेख गर्दै राज्य र गैरराज्य दुबैपक्ष सञ्चारकर्मी र सञ्चार माध्यमको सुरक्षाको सुनिश्चितता हुनुपर्ने बताएका थिए ।

कार्यक्रमका प्रमुखअतिथि पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरले पत्रकार माथिको आक्रमण लोकतन्त्र माथिकै प्रहार भएको बताए । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा सञ्चारकर्मीको महत्वपूर्ण भूमिका रहेको उनको भनाई छ । अहिलेको विरोध व्यवस्थाको विरोध नभई गणतन्त्रवादी दलहरुका कार्यशैलीको विरोध भएको अध्यक्ष मगरको बुझाई छ । नेतृत्वमा बसेकाहरुले लिने नीति, गर्ने व्यवहार सही भएमात्र व्यवस्था बलियो हुने अध्यक्ष सारु मगरले बताए ।

यसैगरी महासंघका जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले संवैधानिक मूल्य, मान्यता परिधिभित्र रहेर गतिविधि गर्न राजावादीलाई आग्रह गरे । मुलुकमा सर्वप्रथम गणतन्त्र ल्याउनु पर्छ भन्ने आवाज पत्रकारले उठाएकोले अहिले पत्रकार माथि हमला हुन थालेको उनले बताए । छलफलमा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका संस्थापक अध्यक्ष प्रताप विष्ट, नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष हरिप्रसाद हुमागाई, महासंघका पूर्वकेन्द्रीय सदस्य सुनिल खड्का, महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यको आतिथ्यता रहेको थियो ।

आन्दोलनको कार्यक्रम अन्तर्गत यसअघि विरोध ऱ्याली, कोणसभा, प्रमुख जिल्ला अधिकारी मार्फत् प्रधानमन्त्रीलाई, प्रदेशका मुख्यमन्त्री र संघीय सरकारका गृहमन्त्रीलाई महासंघले सञ्चारकर्मी र सञ्चारमाध्यममाथि भइरहेको आक्रमण रोक्न र पत्रकारको सुरक्षाको सुनिश्चितता गर्न ध्यानाकर्षणपत्र बुझाएको थियो ।

# विपद जोखिम न्यूनीकरणका लागि छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/विपद जोखिम न्यूनीकरणका लागि स्थानीयकरणबारे छलफल कार्यक्रम बुधबार हेटौंडामा भएको छ । राष्ट्रिय प्रकोप व्यवस्थापन संजाल (डिमान)ले मकवानपुरका विभिन्न गैरसरकारी संघसंस्थाका प्रतिनिधिसँग अन्तरक्रिया गरेको हो ।

राष्ट्रिय प्रकोप व्यबस्थापन संजाल नेपालले गैरसरकारी संस्था महासंघ मकवानपुर शाखासँगको समन्वयमा कार्यक्रम आयोजना गरेको थियो । स्थानीयस्तरमा क्रियाशील संघसंस्थाको क्षमता विकास र बाह्य तथा आन्तरिक स्रोतमा पहुँच अभिवृद्धिका लागि नीयर नेटवर्कसँगको सहकार्यमा अभियानको रुपमा काम गरिरहेको राष्ट्रिय प्रकोप व्यवस्थापन संजालका अध्यक्ष सूर्य थापाले जानकारी दिए । समुदायस्तरमा क्रियाशील संघ संस्थासँग विपद जोखिम न्यूनीकरण स्थानीयकरण विषयमा छलफल तथा नीयर नेटवर्कको बारेमा जानकारी र संघसंस्थाको सर्भेक्षण तथा सूचिकृत गर्नु कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा सरकारी र गैरसरकारी संस्थाको स्रोत, अनुपालन प्रणाली, मुख्य कोषलाई प्रभावकारी बनाउने तरिका, नेपालमा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापनको स्थानीयकरणलगायत विषयमा राष्ट्रिय प्रकोप व्यवस्थापन संजालका कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठले प्रस्तुतिकरण दिएका थिए ।

राष्ट्रिय प्रकोप व्यवस्थापन संजालका अध्यक्ष थापाको सभाध्यक्षतामा भएको कार्यक्रममा उपभोक्ता हीत संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडा, गैर सरकारी संस्था महासंघका केन्द्रीय सचिव बुद्धशरण लामा, बागमती प्रदेशका कार्यवाहक अध्यक्ष कमलकुमार विश्वकर्मा, मकवानपुर अध्यक्ष रमिला सापकोटा लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

विपद पूर्वतयारी, जोखिम न्यूनीकरण र सामुदायिक उत्थानशीलता, स्थानीयकरण जस्ता विषयमा सहकार्य, समन्वय, क्षमता विकास, नीति संवाद जस्ता कार्यक्रम राष्ट्रिय प्रकोप व्यवस्थापन संजालले संचालन गर्दै आइरहेको बताइएको छ ।

# हेटौंडा सिमेन्ट उद्योग निजीकरण गर्ने काम अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/हेटौंडा सिमेन्ट उद्योग अहिलेकै व्यवस्थापनबाट चल्न नसक्ने निष्कर्ष सरकारी प्रतिवेदनले नै निकालेको थियो । हेटौंडा र उदयपुर दुई सिमेन्ट उद्योग निजीकरण गर्नुपर्ने निष्कर्ष निकालिएको थियो ।

सार्वजनिक सिमेन्ट उद्योगहरु उद्देश्यअनुसार सञ्चालन हुन सकेका छन् कि छैनन्, यिनको वर्तमान अवस्था के छ, यी उद्योगको क्षमता अभिवृद्धि गरी सञ्चालन गर्न सकिन्छ सकिँदैन ? उद्योग सञ्चालनका समस्या तथा चुनौती के कस्तो छन्, उद्योग सञ्चालनमा आर्थिक, सामाजिक तथा वातावरणीय दिगोपना के कस्तो रहेको छ, के कस्तो मोडलमा उद्योग सञ्चालन गर्न सकिन्छ ? भन्ने विषयमा सरकारले नै अध्ययन गरेको थियो ।

सरकारले उदयपुर सिमेन्ट स्थापना गरेको ३७ वर्ष र हेटौंडा सिमेन्ट उद्योग स्थापना गरेको ४८ वर्ष भइसकेको छ । स्थापना यताको हिसाबले अर्बौं रुपैयाँ सम्पत्तिसहित हजारौंले रोजगारी पाएको हुनुपर्ने उद्योग लगातार ओरालो यात्रामा जाँदा अब निजीकरणबिना सञ्चालन गर्न नसकिने निष्कर्ष निकालिएको हो । उदयपुर र हेटौंडा सिमेन्ट उद्योग सञ्चालनका लागि अब पूर्णनिजीकरण वा करार व्यवस्थापन नै विकल्प रहेको प्रतिवेदन तयार पारिएको थियो । सरकारले ठूलो रकम खर्च गरेपनि जेनतेन चल्ने तर, सञ्चालन खर्च धान्नसमेत मुस्किल पर्ने निष्कर्ष प्रतिवदेनमा निकालिएको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका इन्जिनियर खगेन्द्रबहादुर बस्नेतको संयोजकत्वमा गठित समितिले उदयपुर र हेटौंडा सिमेन्ट उद्योगको वर्तमान अवस्थाको विश्लेषण र भावी कार्यदिशामा १६ बुँदे सुझाव पेश गरेको बताइएको छ । प्रतिवेदनअनुसार हेटौंडा र उदयपुर सिमेन्ट उद्योगको वार्षिक उत्पादन क्षमता साढे दुई लाख मेट्रिकटनभन्दा बढी छ तर, सिमेन्ट बेचेर कर्मचारीको तलब पुऱ्याउनसमेत नसकिने ठहर गरिसकेको थियो ।

राजनीतिक तहमा साझा धारणा निर्माण र सार्वजनिक संस्थान सञ्चालनसम्बन्धी स्पष्ट उद्देश्य निर्धारण गरी नाफा वा सेवा के गर्ने हो ? स्पष्ट पार्नुपर्ने सुझाव दिइएको छ । चैतको अन्तिमसाता हेटौंडा सिमेन्ट उद्योग संचालनमा ल्याउने तयारी भइरहेको बताइएको छ ।

# हेटौंडामा अब २ सय ५० रुपैयाँमै 'मटन खाना'

साझाकुरा संवाददाता




हेटौंडा, १९ चैत/ हेटौंडामा अब २ सय ५० रुपैयाँमै मटन खाना खान पाइने भएको छ । हेटौंडा-१ स्थित जंगे सेकुवाले २५० रुपैयाँमै मटन खाना खुवाउने भएको हो । बुधबारदेखि उपभोक्तालाई सहुलियत दरमा मटन खाना खुवाउन लागिएको जंगे सेकुवाका सञ्चालक जंगबहादुर बस्नेतले जानकारी दिए ।

बढी भन्दा बढी सेवाग्राहीलाई सेवादिने र मूल्यमा सहुलियत कायम गर्ने उद्देश्यले मटन खाना खुवाउन लागिएको बस्नेतको भनाइ छ । मटन खानासँगै एक बोतल मिनरल वाटर पनि निशूल्क दिने बस्नेतले बताए । बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म मात्रै खानाको सेवा रहने बस्नेतले बताए । सेकुवा विशेष रेष्टुरेन्टको रुपमा सञ्चालनमा आएको जंगे सेकुवामा हरेक दिन साँझपख बढी सेवाग्राही आउने र बिहानदेखि दिउँसोसम्मको खाली रहने समयमा खाना खुवाउने योजना बनाएको उनको भनाइ छ ।

बजारमा मटन खानाको ६ सय रुपैयाँसम्म लिने गरिएकोमा सेवाग्राहीलाई मर्का परेको महसुस गरी सहुलियत दर कायम गर्न खोजिएको उनले बताए । बाराको कलैयामा पाइने गुणस्तरको सेकुवा खुवाउने लक्ष्यसहित सुरु गरिएको जंगे सेकुवा छोटो समयमै स्वादका पारखीको आकर्षणको केन्द्र बनेको छ । सेकुवा, नास्तासहितको रेष्टुरेन्टको व्यवसाय राम्रो भइरहँदा आर्थिक लाभ मात्रै नभई सेवामुखी हुने उद्देश्यले मटन खानाको सेवा विस्तार गर्न लागिएको होटलका संचालक बस्नेतको भनाइ छ ।

आफ्नो होटल आसपास हेटौंडा-काठमाडौं सुमो सेवाका काउन्टरहरु समेत भएकोले हेटौंडाबाट काठमाडौं आउजाउ गर्ने यात्रीका लागि पनि लक्षित गरेर मटन खानाको सेवा सञ्चालन गरिएको बस्नेतको भनाइ छ । पहिलो दिन बुधबार १५० देखि २०० जनालाई खाना खुवाउने लक्ष्य रहेको बस्नेतले बताए ।

# वीरगञ्ज सुक्खा बन्दरगाह व्यवस्थापन-सञ्चालन जिम्मा साविककै कम्पनीलाई

काठमाडौं, १९ चैत/ वीरगञ्ज सुक्खा बन्दरगाह व्यवस्थापन तथा सञ्चालन जिम्मेवारी साविककै भारतीय कम्पनीले पाएको छ । नेपाल इन्टरमोडल यातायात विकास समितिका अनुसार ४ अर्ब ७१ करोड कबोल गरेको प्रिस्टिन मेगा लजिस्टिक पार्क प्रालिले आगामी ५ वर्षका लागि सुक्खा बन्दरगाह व्यवस्थापन जिम्मेवारी पाएको हो ।

यसै कम्पनीले यसअघि ५ वर्षका लागि सञ्चालन/व्यवस्थापन जिम्मेवारी पाएको थियो । समितिले निजी क्षेत्रमार्फत सुक्खा बन्दरगाह सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ । समितिका कार्यकारी निर्देशक आशिष गजुरेलका अनुसार दुई कम्पनी सर्टलिस्टमा परेका थिए ।

उनका अनुसार समिति गठन आदेश २०५४ बमोजिम नेपालका सुक्खा बन्दरगाह प्रतिस्पर्धात्मक प्रणाली मार्फत छनोट भएको कम्पनीबाट सञ्चालन तथा व्यवस्थापन गर्ने प्रावधान छ । यो कम्पनी प्राविधिक र आर्थिक दुवै रूपमा उत्कृष्ट पाइएपछि उसलाई जिम्मा दिइएको उनले जानकारी दिए ।

निजी क्षेत्रमार्फत सञ्चालन-व्यवस्थापन हुँदा पोर्टहरूको सेवाको स्तर र आम्दानी दुवै बढेको समेत उनले बताए । 'यसले आर्थिक रूपमा राज्यलाई निकै फाइदा गरेको छ,' उनले भने ।

यो सुक्खा बन्दरगाह सञ्चालनमा कन्टेनर कर्पोरसन अफ इन्डिया प्रालिसमेत इच्छुक देखिएको थियो । यो कम्पनीले ४ अर्ब ५० करोड ९० लाख रुपैयाँ कबोल गरेको थियो । छनोट भएको कम्पनीसँग सम्झौता भएसँगै आगामी आव २०८२/८३ बाट ५ वर्षका लागि सुक्खा बन्दरगाह सञ्चालन सोही कम्पनी मार्फत हुनेछ । यसअघि उक्त कम्पनीले पाँच वर्ष अगाडि ३ अर्ब ३३ करोड लागतमा व्यवस्थापन-सञ्चालनको जिम्मा पाएको गजुरेलले जानकारी दिए ।

# लोडसेडिङ हटेपछि निर्यात उद्योगीहरू खुसी

काठमाडौं, १९ चैत/ नेपाल विद्युत् प्राधिकरणले पछिल्ला केही दिनदेखि औद्योगिक क्षेत्रमा नियमित विद्युत् आपूर्ति गर्न थालेपछि उद्योगी हर्षित भएका छन् । फेडेरेसन अफ नेपाल एक्स्पोर्ट एसोसिएसनले प्राधिकरणबाट औद्योगिक क्षेत्रमा नियमित विद्युत् आपूर्ति हुन थालेको भन्दै खुसी व्यक्त गरेको हो ।

औद्योगिक क्षेत्रले भोगिरहेको लोडसेडिङको विकराल समस्या समाधानका लागि भारतबाट आवश्यक मात्रामा विद्युत् आयात पहल गरेर लोडसेडिङ घटाएको भन्दै प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, ऊर्जा मन्त्रालय र सरकारलाई एसोसिएसनले धन्यवाद दिएको छ ।

एसोसिएसनले प्रेस विज्ञप्ति जारी गर्दै विगतमा औद्योगिक क्षेत्रमा रहेको लोडसेडिङका कारण उत्पादनमूलक उद्योगमा प्रत्यक्ष असर परिरहेको समेत जनाएको छ । एसोसिएसनमा आबद्ध संघहरूमा सदस्य रहेका उद्योगले क्षमता अनुसार निर्यातमुखी उत्पादन गर्न नपाएको र त्यसका कारण उद्योगले आम्दानी तथा राज्यले राजस्व गुमाइरहेको एवं त्यसको असर समग्र अर्थतन्त्रमा परिरहेको समेत विज्ञप्तिमा उल्लेख छ ।

यस्तै स्वदेशी श्रम एवं सिपमा आधारित कच्चापदार्थ र उत्पादन प्रवर्द्धन गर्दै विश्वबजारमा चिनाउने, बजारीकरण गर्ने, प्रतिस्पर्धी बनाउने र नेपालको अर्थतन्त्र आत्मनिर्भर बनाउन निरन्तर लागि परेका निर्यातमुखी उद्योगले दैनिक १२ घण्टासम्म लोडसेडिङ भोगिरहेका कारण असुरक्षा र अनिश्चितताको विकराल समस्या भोगिरहेको विज्ञप्तिमा छ ।

पछिल्ला केही दिनयता छिमेकी भारतवाट थप बिजुली आयात गरी प्राधिकरणले औद्योगिक क्षेत्रमा नियमित विद्युत् आपूर्ति गरिरहेको छ ।

यससँगै अब औद्योगिक क्षेत्रले निरन्तर चौबिसै घण्टा विद्युत् उपभोग गर्न पाउने सुनिश्चितताको अपेक्षा गरिएको विज्ञप्तिमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

'मर्यादित सहकारी: सम्मुन्नत समाज'

६८ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समिति
बागमती प्रदेश, हेटौंडा, मकवानपुर

निमन्त्रणा निमन्त्रणा निमन्त्रणा

६८ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा निम्न अनुसार वागमती प्रदेश स्तरीय कार्यक्रमका साथ सु-सम्पन्न हुने जानकारी गराउँदै उक्त कार्यक्रमहरुमा सम्पूर्ण सरोबारवाला सहकारी संघ/संस्थाको ब्यापक सहभागिताको लागि हार्दिक अनुरोध छ ।

**कार्यक्रमहरू**

| मिति | स्थान र समय | कार्यक्रम |
|---|---|---|
| २०८१/१२/२० | चौकीटोल रोपवेको चौरबाट सुरु भई रोयल प्यालेस हेटौंडा बिहान ७:०० बजे | ऱ्याली, प्रवचन, पुरस्कार, सम्मान वितरण |
| २०८१/१२/२० | सबै संघ/संस्थाको कार्यालयमा साँझ ७:०० बजे | बागमती प्रदेशका सबै सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

आयोजक
६८ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समिति-२०८१
बागमति प्रदेश, हेटौंडा

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७००००५६४ | करिना श्रेष्ठ | राक्सिराङ-०३, मकवानपुर |
| २ | PLI१५७००००५६७ | करिणश्रेष्ठ | राक्सिराङ-०३, मकवानपुर |
| ३ | PLI१५७००००१७६२ | सुमन गोले | बँदिवास-१०, महत्तरी |
| ४ | PLI१५७०००६९७७ | विष्णु माया थिङ | मनहरी-०८, मकवानपुर |

शिक्षक आवश्यकता

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८१।१२।१७ गतेको निर्णय अनुसार र भीमफेदी गाउँपालिकाको मिति २०८१।१२।१९ र च.नं. १५१९ को शिक्षक विज्ञापन अनुमति पत्र बमोजिम मा.वि तहको अंग्रेजी विषयको राहत कोटामा खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक यो दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**
विज्ञापन नं. :- ०१/०८१/०८२
विषय :- अग्रेजी
तह :- मा.वि. (राहत)
सेवा सुविधा :- नेपाल सरकारको नियमानुसार ।
न्युनतम शैक्षिक योग्यता :- मुल विषय अंग्रेजी लिएर वि.एड वा सो सरह उर्तिण ।
उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति:- २०८२।०१।०३ गते अपराह्न ४:०० बजेसम्म ।
दरखास्त दस्तुर :- रु.२०००/- दुई हजार रुपैयाँ मात्र ।
परीक्षा मिती:- सम्पर्क मितिमा तोकिने छ । (सम्पर्क मिति: २०८२।०१।०४ गते)
परीक्षाको किसिम:- लिखित, मौखिक तथा आवश्यकता अनुसार कक्षा अवलोकन ।

**आवश्यक कागजातहरु**
१. नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिमि २/२ थान
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान
३. अध्यापन अनुमति पत्रको प्रतिलिपि २/२
(सबै डकुमेन्ट नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्नेछ)
**नोट** : कम्प्युटर सम्बन्धि ज्ञान भएकोलाई विशेष प्राथमिकता हुनेछ ।

श्री माध्यमिक विद्यालय, कोगटे
भीमफेदी गा.पा.-७, कोगटे, मेल्टार, मकवानपुर
सम्पर्क नं. प्र.अ. ९८१९२२४४७६ लेखापाल ९८०६८८३४२३




माघ १७ गतेदेखि सञ्चालनमा
विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै
सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"
काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना